पुतलीबजार नगरपालिका, स्याङ्जा

बैठक संख्या : ६४

बैठक मिति : २०७८/६/२४

१. **प्रस्तावहरु :**

(क) वडा नं. १ मा रहेको टुडिखेलमा पार्क निर्माणको अनुमती प्रदान गर्ने सम्बन्धमा,

(ख) सुरौदी खोलाको IEE स्वीकृत गर्ने सम्बन्धमा,

(ग) सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता तथा कर्मचारीहरुलाई उपलब्ध गराउने पारिश्रमीक सम्बन्धमा,

(घ) मदरसाहरुलाई अनुदान उपलब्ध गराउने,

(ङ) गत वर्ष योजना सञ्चालन भई म्याद थप भएका योजनामा मौज्दात रकमबाट रकम बिनियोजन गर्ने सम्बन्धमा,

(च) करार सेवामा कार्यरत कर्मचारीको क.सं.कोष कट्टी सम्बन्धमा,

(छ) सट्टा शिक्षक व्यवस्थापन कार्यविधि २०७८ पारित गर्ने सम्बन्धमा,

(ज) वडा दशै, दिपावली लगायतका चाडवाडको शुभकामना व्यक्त गर्ने सम्बन्धमा,

(झ) विविध ।

**निर्णय नं. १ :**

यस नगरपालिका अन्तरगत वडा नं. १ मा रहेको बाल मन्दिर अगाडीको खालि जमिनमा बहुउद्देसिय पार्क निर्माण गर्न अनुमती पाउँ भनी हङकङमा कार्यारय स्याङ्जालीहरुद्धारा गठित स्याङ्जा जनसेवा समिति हङकङले माग गरेकोमा उक्त टुडिखेल नापी हुँदाका बखत नेपाल सरकारका नाममा कि.नं. १६२५ कायम भई दर्ता भएको, हाल उक्त जग्गा कुनै किसिमको उपयोगमा नरही खालिनै रहेकोले उक्त कित्ता नं. को क्षेत्रफल ३-१०-०-० मा स्याङ्जा जनसेवा समिति हङकङलाई सोहि संस्थाको प्राविधिक तथा आर्थिक लगानीमा पार्क निर्माण गर्न अनुमती प्रदान गर्न आवश्यक व्यवस्थाको लागि मालपोत कार्यालय स्याङ्जालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नगरपालिका वडा नं. ५ र ६ मा पर्ने सुरौदी खोलाबाट नदीजन्य पदार्थ उत्खनन्को लागि प्रारम्भिक वातावरणीय अध्ययन गर्नु पर्ने भई नगर कार्यपालिकाको कार्यालयबाट कृतज्ञ ईन्जिनियरिङ्ग प्रा.लि. का.म.न.पा ३१ शंखमुल काठमाण्डौलाई जिम्मा दिईएकोमा उक्त परामर्शदाताले प्रतिवेदन तयार गरी प्राविधिक समितिमा प्रस्तुतीकरण तथा छलफल समेत गराई सकेकोले उक्त परामर्शदाताले पेश गरेको प्रतिवेदन पुतलीबजार नगरपालिकाको वातावरणीय अध्ययन कार्यविधि, २०७८ को दफा ७ को उपदफा (४) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नेपाल सरकारले २०७८ जेष्ठ १५ मा जारी गरेको बजेट वक्तव्यको बुँदा नं. २१६ मा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालयका कार्मचारीलाई हाल उपलब्ध गराउँदै आएको मासिक पारिश्रमीकमा वृद्धि गरी रु.१५ हजार न्यूनतम मासिक पारिश्रमीक उपलब्ध गराउने, त्यस मध्ये रु. ८ हजार नेपाल सरकारले व्यहोर्ने र बाँकी रकम स्थानीय तहले व्यहोर्ने उल्लेख गरेकोले यस नगरपालिका अन्तरगत सञ्चालीत प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालयका कार्मचारीलाई हाल उपलब्ध गराउँदै आएको

पारिश्रमीकमा नेपाल सरकारले उपलब्ध गराउने रकम बाहेक मासिक रु.७ हजारका दरले वृद्धि गरी भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस नगरपालिका अन्तरगत विभिन्न वडामा सञ्चालनमा रहेका तपसिल बमोजिमका मदरसाहरुलाई तपसिल बमोजिमको रकम अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो । उक्त रकम नगरपालिकाको मौज्दात रकमाबाट व्यहोर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | मदरसाको नाम | वडा नं. | बिनियोजीत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नुरी ईस्लामिया स्कुल | ३ | ९५,०००।- | |
| २ | श्री अहले सुन्नत बाल जमात मदरसा | १ | ९५,०००।- | |
| ३ | श्री ईस्लामिया दिनी मदरसा | १० | ९५,०००।- | |
| ४ | श्री ईस्लामिया महम्दीजनम जामे मदरसा | १४ | ९५,०००।- | |
| ५ | श्री अहले सुन्नत ईस्लामिया मदरसा | १४ | ९५,०००।- | |
| | जम्मा रकम रु. | | ४,७५,०००।- | |

**निर्णय नं. ५ :**

कार्यपालिकाको मिति २०७८/३/३० गतेको बैठकले तपसिल बमोजिमका योजनाको म्याद थप गर्ने निर्णय गरेकोमा उक्त योजनाको भुक्तानी गर्ने बजेटको सम्बन्धमा निर्णय नभएकोले तपसिल बमोजिमका योजनामा तपसिल बमोजिमको रकम संचित रकमबाट बिनियोजन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | वडा नं. | बिनियोजीत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य केन्द्र निर्माण कार्य | ४ | १०,७४,८००।- | |
| २ | आधारभूत स्वास्थ्य केन्द्र निर्माण कार्य | ७ | १५,९५,५००।- | |
| ३ | सरसफाई केन्द्रमा पूर्वाधार निर्माण कार्य | १ | २,२७,७००।- | |
| ४ | गैरीखेत -चम्पापानी -लत्रेपिपल -पैवैगौडे -देबीस्थान सडक मर्मत कार्य | ३ र ५ | ३६,३६,३००।- | |
| ५ | पुतलीखेत अस्पताल हुँदै गोदगोदे सडक मर्मत कार्य | ३ | ९,१९,५००।- | |
| ६ | त्रिवेणीधामको DPR को तयारी कार्य | ३ | २,९२,५००।- | |
| ७ | ज्यामिरे खेल मैदान निर्माण कार्य | २ | ७,५५,०००।- | |
| ८ | मालेबगरमा बधस्थल निर्माण कार्य | १ | ११,०६,०००।- | |
| ९ | वायो ग्याँस निर्माण कार्य | १ | ६,६६,६००।- | |
| १० | पानी ट्याङ्की निर्माण कार्य | १० | ३,७५,०००।- | |
| ११ | व्डा कार्यालय भवन निर्माण कार्य | १० | १,६८,६६,०००।- | |
| | जम्मा रकम रु. | | २,७५,१४,९००।- | |

त्यस्तै गरी तपसिल बमोजिमका योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रमीकको ज्याला भुक्तानी गर्ने र अन्य आवश्यक सामानहरु नगरपालिका कै योजनाबाट व्यहोर्ने गरी योजना सञ्चालन गरी कार्य सम्पन्न समेत

भएकोमा रकम भुक्तानी गर्दा प्रधानमनत्री रोजगार कार्यक्रम तर्फको रकम भुक्तानी भएको तर नगरपालिका तर्फको योजनाको रकम भुक्तानी गर्न छुट भएकोले तपसिल बमोजिमका योजनाको तपसिल बमोजिमको छुट रकम मौज्दात रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | बिनियोजीत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | शितलादेवी खानेपानी | ४ | १०७६५१।- | |
| २ | कोलहाले जोत्रेढुङ्गा | ७ | ५१४५७।- | |
| | जम्मा रकम रु. | | १,५९,१०८।- | |

**निर्णय नं. ६ :**

यस नगरपालिकाको नवौ नगरसभामा प्रसतुत भएको बजेट वक्तव्यमा नगरपालिकामा अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको लागि एक कर्मचारी कल्याण कोष स्थापना गरी कर्मचारी तथा नगरपालिकाबाट समान रुपमा योगदान गर्ने व्यवस्था गर्ने उल्लेख भएकोमा कर्मचारी कल्याण कोषको स्थापना गर्दा कानूनको निर्माण गर्नु पर्ने, त्यसको व्यवस्थापन तथा अभिलेखनको लागि छुट्टै कर्मचारकिो व्यवस्था गर्नु पर्ने भएकोले कर्मचारी कल्याण कोषको स्थापना गर्नु भन्दा कर्मचारी तथा नगरपालिकाबाट समान रुपमा ५ प्रतिशतका दरले योगदान गर्ने व्यवस्था मिलाई २०७८ श्रावण १ गते देखिनै लागू हुने गरी कर्मचारी संचयकोषमा जम्मा गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

नगर कार्यापालिकाको कार्यालयबाट तयार गरी विधेयक समितिमा पेश भई दफावार छलफल तथा संशोधन सहित पेश भएको सट्टा शिक्षक व्यवस्थापन कार्यविधि २०७८ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

देश विदेशमा बस्नु हुने पुतलीबजार नगरवासी तथा नेपाली आदरणीय आमा बुबा, दाजुभाई तथा दिदी बहिनीहरुलाई २०७८ सालको वडा दशै, शुभ दिपावली, छड, नेपाल सम्वत तथा विभिन्न समुदायहरुले मनाउने नजिक आई रहेका विभिन्न चाडपर्वहरुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । आ-आफ्ना चाडपर्व मनाउँदा सभ्य र संयमीत ढंगले पर्वहरु मनाउँ । अझै पनि कोरोना महामारीको प्रभाव र असर बाँकी नै रहेकोले सजकताका साथ स्वास्थ्यका मापदण्डको पालना गरी पर्वहरु मनाउन यस नगरपालिका सम्पूर्णमा हार्दिक अनुरोध गर्दछ ।